लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, कानून, सातौं, वरिष्ठ अधिकृत पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।०१

पत्र : द्वितीय
समय : ३ घण्टा
पूर्णाङ्क : १००

विषयः सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क" — ५० अङ्क

१. नेपालको संविधानमा के-कस्ता न्याससम्बन्धी हकको व्यवस्था गरिएको छ? स्पष्ट गर्नुहोस् । ५

२. प्राकृतिक न्यायको सिद्धान्त भन्नाले के बुझिन्छ? यसभित्र के-के सिद्धान्तहरू पर्दछन्? सबिस्तार उल्लेख गर्नुहोस् । ५

३. नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको अधिकारसम्बन्धमा व्यवस्था छ । ती अधिकारमध्ये संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसम्बन्धी विषयमा कानून निर्माण गर्दा आपसमा विवाद नहुने गरी सामन्जस्यता ल्याउन के-कस्तो प्रकृया तथा विधि अपनाउनु पर्ला? सुझाव पेश गर्नुहोस् । १०

४. निष्पक्ष सुनुवाइ (Fair Trial) भन्नाले के बुझ्नुहुन्छ? यसका मूलभूत सिद्धान्तहरू के-के हुन्? व्याख्या गर्नुहोस् । १०

५. विवाद समाधानका वैकल्पिक उपायहरू भन्नाले के बुझ्नुहुन्छ? नेपालको कानूनले विवाद समाधानका के-कस्ता वैकल्पिक उपायहरूलाई मान्यता दिएको पाईन्छ? सबिस्तार चर्चा गर्नुहोस् । १०

६. लिखित जवाफको बारेमा उल्लेख गर्दै लिखित जवाफ लेख्दा पुऱ्याउनुपर्ने रित र ध्यान दिनुपर्ने विषयहरूको बारेमा स्पष्ट पार्नुहोस् । १०

## खण्ड "ख" — ५० अङ्क

७. नागरिक वडापत्रको परिचय दिंदै यसमा उल्लेख हुनुपर्ने विषयवस्तुबारे बुँदागतरूपमा उल्लेख गर्नुहोस् । २+३=५

८. राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारका बारेमा संक्षेपमा उल्लेख गर्नुहोस् । ५

९. कानून तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन्? उल्लेख गर्नुहोस् । १०

१०. हवाई सेवा सम्झौता गर्दा कुन-कुन विषयमा ध्यान दिनुपर्छ? स्पष्ट पार्नुहोस् । १०

११. अदालतले अनुमान गर्ने कुराहरू र अदालतले अनुमान गर्न हुने कुराहरूबारेमा प्रचलित प्रमाणसम्बन्धी कानूनमा के-कस्तो व्यवस्था रहेको छ? सबिस्तार उल्लेख गर्नुहोस् । ५+५=१०

१२. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम प्राधिकरणको काम, कर्तव्य र अधिकारहरूसम्बन्धमा बुँदागतरूपमा उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::